# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक



काँक्रेविहार राष्ट्रिय दैनिक

नियमित नआएमा

९८५-१३४४७५४

ग्राहक बन्नु परेमा



वर्ष : २६ | अंक : १४ | बिहीवार, १५ असोज, २०८३ | Thursday, 1 Oct 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०


## राजनीतिभन्दा नयाँ विचारमा केन्द्रित हुन प्रधानमन्त्री शाहको आग्रह

काँक्रेविहार संवाददाता

काठमाडौं, १४ असोज

प्रधानमन्त्री वालेन्द्र शाहले सांसदहरूलाई आफ्नो विज्ञताअनुसार मुलुकको विकासमा योगदान दिन आग्रह गरेका छन् ।

बुधबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा संघीय संसद् प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने प्राविधिक पृष्ठभूमिका सांसदहरूसँगको छलफलका क्रममा प्रधानमन्त्री शाहले राजनीतिक विषयभन्दा बढी दीर्घकालीन नीति र नयाँ विचारमा केन्द्रित हुन आग्रह गरे ।

प्रधानमन्त्री शाहले भने, "तपाईंहरू आफैं प्राविधिक विषयमा जानकार हुनुहुन्छ, मुलुकको नीति निर्माण गर्ने ठाउँमा हुनुहुन्छ, देश विकासका लागि आफ्नो ज्ञान, सीप र अनुभवको अधिकतम उपयोग गर्नुहोस् ।"

शाहले सांसदहरूलाई पार्टी राजनीतिसँगै आफ्नो प्राविधिक दक्षता र व्यावसायिक पहिचानलाई पनि प्राथमिकतामा राख्न सुझाव दिए । निर्वाचन वा राजनीतिक गतिविधिका समयमा पार्टी राजनीतिमा सक्रिय हुनु स्वाभाविक भए पनि अन्य समयमा देश विकासका लागि प्राविधिक विषयमा केन्द्रित हुन आग्रहसमेत गरे ।

प्रधानमन्त्री शाहले सांसदहरूलाई 'असाधारण' मानिस भएको उल्लेख गर्दै त्यस्ता व्यक्तिले सधैं नयाँ उपाय ल्याउने र त्यसैमा काम गर्ने भएकाले पाँच वर्षमा मुलुक बन्ने धारणा राखेका थियो ।

# कर्णालीका ९६.२ प्रतिशत बालबालिका कुनै एक आधारभूत आवश्यकताबाट बञ्चित

चाँदनी कठायत

सुर्खेत, १४ असोज

कर्णाली प्रदेशका ९६.२ प्रतिशत (१०० जनामा करिब ९६ जना) बालबालिका कम्तीमा एउटा आधारभूत आवश्यकताबाट वञ्चित रहेको पाइएको छ । नेपालमा बालबालिकाको आधारभूत सेवामा पहुँच पछिल्लो एक दशकमा उल्लेखनीय रुपमा सुधार भए पनि कर्णाली प्रदेशका बालबालिका अझै पनि धेरै क्षेत्रमा वञ्चित रहेको तथ्यांक सार्वजनिक भएको हो ।

शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ, आवास तथा सूचना र सञ्चारका क्षेत्रमा बालबालिकाले भोगिरहेको अवस्थाको विश्लेषण गर्दा कर्णालीका बालबालिकाको हैसियत राष्ट्रिय औसतभन्दा निकै कमजोर देखिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले युनिसेफ नेपालसँगको सहकार्यमा पहिलो पटक तयार गरेको 'नेपालमा बालबालिकाको बहुआयामिक वञ्चितीकरण प्रोफाइल २०२६' ले कर्णालीमा बालबालिकाको वञ्चितीकरणको अवस्था गम्भीर रहेको देखाएको हो ।

मानव पुँजी निर्माणको आधार बाल्यकाल हो । बाल्यकालमा पाएको पोषण, स्वास्थ्य, शिक्षा र सुरक्षित वातावरणले व्यक्तिको शारीरिक तथा मानसिक विकास निर्धारण गर्छ । यही आधारमा देखिएको कजोर लगानीले भविष्यको श्रमशक्ति र उत्पादकत्वमा गम्भिर असर पार्ने तथ्यांकले पुष्टि गर्छ । तथ्यांकअनुसार नेपालमा ८०.२ प्रतिशत बालबालिका कम्तीमा एउटा आयाममा वञ्चित छन् । अर्थात् सय जनामा



### आवासमा सबैभन्दा ठूलो वञ्चितीकरण

*कर्णालीका बालबालिकाले सबैभन्दा बढी वञ्चितीकरण सुरक्षित र पर्याप्त आवासमा भोगिरहेका छन् । प्रदेशका ८७.६ प्रतिशत अर्थात् सयमध्ये करिब ८८ जना बालबालिका सुरक्षित र पर्याप्त आवासीय सुविधाबाट वञ्चित छन् । सूचना तथा सञ्चारका साधनसम्म पहुँचबाट वञ्चित बालबालिकाको अनुपात ५६.८ प्रतिशत अर्थात् सय जनामा करिब ५७ जना छ । पोषणमा ५३.६ प्रतिशत अर्थात् सय जनामा करिब ५४ जना, सरसफाइमा २५.४ प्रतिशत अर्थात् सय जनामा करिब २५ जना, स्वास्थ्यमा १४.९ प्रतिशत र शिक्षामा १३.३ प्रतिशत अर्थात् सय जनामा क्रमशः करिब १५ र १३ जना बालबालिका वञ्चित छन् । कर्णालीमा पर्याप्त र सुरक्षित खानेपानी सुविधाबाट वञ्चित बालबालिकाको अनुपात भने ७.३ प्रतिशत अर्थात् सय जनामा करिब सात जना छ । चार वा सोभन्दा बढी आयाममा वञ्चित बालबालिकाको अनुपात पनि कर्णालीमा राष्ट्रिय औसतभन्दा बढी छ । नेपालमा यस्तो वञ्चितिकरणमा रहेका बालबालिकाको अनुपात सन् २०१४ मा ५.६ प्रतिशत अर्थात् सय जनामा करिब छ जना थियो । सन् २०२४-२५ मा यो घटेर ५.१ प्रतिशत अर्थात् सय जनामा करिब पाँच जनामा आएको छ । कर्णालीमा भने सन् २०२४-२५ मा चार वा सोभन्दा बढी आयाममा वञ्चित बालबालिकाको अनुपात ७.९ प्रतिशत अर्थात् सय जनामा करिब आठ जना छ ।*

करिब ८० जना । दुई वा दुईभन्दा बढी आयाममा वञ्चित बालबालिकाको अनुपात ५१.६ प्रतिशत छ ।

कर्णालीमा भने यी दुवै अनुपात राष्ट्रिय औसतभन्दा बढी छन् । प्रदेशमा कम्तीमा एउटा आयाममा वञ्चित बालबालिकाको अनुपात ९६.२ प्रतिशत अर्थात् सय जनामा करिब ९६ जना छ भने दुई वा दुईभन्दा बढी आयाममा वञ्चित बालबालिकाको अनुपात ७२.५ प्रतिशत अर्थात् सय जनामा करिब ७३ जना छ ।

तीन वा सोभन्दा बढी आयाममा वञ्चित बालबालिकालाई बहुआयामिक रूपमा वञ्चित मानिएको छ । राष्ट्रियस्तरमा २१.४ प्रतिशत अर्थात् पाँच जनामध्ये करिब एक जना बालबालिका बहुआयामिक वञ्चितीकरणमा छन् । यस्ता बालबालिका औसतमा ४६.९ प्रतिशत आयाममा वञ्चित छन् । यस आधारमा नेपालको बहुआयामिक वञ्चितीकरण सूचकांक ०.१०० रहेको छ । अर्थात् सन् २०२४-२५ मा

बाँकी पृष्ठ २

## पोषणमा चुनौती, स्वास्थ्य र खाने पानीमा सुधार

देशभर बालबालिकाको पोषण अवस्था अझै प्रमुख चुनौतीका रूपमा रहेको तथ्यांक कार्यालयको विवरणले देखाउँछ । पर्याप्त र विविध प्रकारको आहार नपाउने ०-२३ महिनाका शिशु तथा बालबालिकाको अनुपात सन् २०२४-२५ मा ६०.७ प्रतिशत अर्थात् सय जनामा करिब ६१ जना छ । पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपनको समस्या २६.२ प्रतिशत अर्थात् एक चौथाइभन्दा केही बढीमा देखिएको छ भने दुब्लोपनको समस्या ६.६ प्रतिशत अर्थात् सय जनामा करिब सात जनामा छ । कर्णालीमा पोषणसम्बन्धी वञ्चितीकरण ५३.६ प्रतिशत अर्थात् सय जनामा करिब ५४ जना रहेको छ ।

पछिल्लो एक दशकमा बालबालिकाको आधारभूत सेवामा पहुँच भने सुधार भएको छ । असुरक्षित खानेपानी प्रयोग गर्ने बालबालिकाको अनुपात सन् २०१४ मा ७.० प्रतिशत अर्थात् सय जनामा करिब सात जना रहेकोमा २०२४-२५ मा घटेर १.९ प्रतिशत अर्थात् सय जनामा करिब दुई जनामा झरेको छ । सरसफाइको सुविधा नपाउने बालबालिकाको अनुपात ३२.५ प्रतिशत अर्थात् सय जनामा करिब ३३ जनाबाट घटेर २०२४-२५ मा ९.० प्रतिशत अर्थात् सय जनामा करिब नौ जनामा आएको छ । कच्ची भुइँ भएका घरमा बस्ने

बाँकी पृष्ठ ३

# दसैं-तिहारका लागि नयाँ नोट साट्न नयाँ व्यवस्था

काँक्रेविहार संवाददाता

काठमाडौं, १४ असोज

यस वर्षको दसैं र तिहारका लागि सर्वसाधारणले नेपाल राष्ट्र बैंक तथा बैंक तथा वित्तीय संस्थाबाट नयाँ नोट साट्न पाउने भएका छन् ।

विगतका वर्षमा जस्तो निश्चित मिति तोकेर नयाँ नोट वितरण गर्ने व्यवस्था नगरी यस वर्ष स्वस्फूर्त रूपमा आउनेलाई निरन्तर सटही सुविधा उपलब्ध गराइएको राष्ट्र बैंकले जनाएको छ ।

सर्वसाधारणले आफूलाई पायक पर्ने बैंक तथा वित्तीय संस्थाका शाखाबाट पनि नयाँ नोट साट्न सक्नेछन् ।

आफ्ना ग्राहकलाई वितरण गर्न बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकबाट नयाँ नोट



लिइसकेका छन् ।

राष्ट्र बैंकका अनुसार नयाँ नोटको मौज्दातमा समस्या नरहेकाले साट्न आउने सर्वसाधारणलाई एक-दुई सेटसम्म नयाँ नोट उपलब्ध गराईदैछ ।

राष्ट्र बैंकको थापाथलीस्थित कार्यालयबाट पनि नयाँ नोट साट्न सकिनेछ ।दसैंमा नयाँ नोटको माग बढी हुने भएकाले विगतका वर्षमा राष्ट्र बैंकले निश्चित मिति तोकेर ठूलो संख्यामा सर्वसाधारणलाई नयाँ नोट वितरण गर्दै आएको थियो ।

यस वर्ष भने कुनै विशेष कार्यक्रम वा तामझामबिना आवश्यकताअनुसार नयाँ नोट सटहीको व्यवस्था गरिएको हो । यसैबीच, बैंक तथा वित्तीय संस्थाहरूको मागअनुसार एटिएमबाट १ सय रुपैयाँ दरका नोट निकाल्न सकिने व्यवस्था पनि गरिएको छ । दसैंका बेला नयाँ तथा सुकिला नोट निकाल्न बैंकमा ग्राहकको भीड नलागोस् भन्ने उद्देश्यले बैंकरहरूले यस्तो व्यवस्था गर्न सुझाव दिएका थिए ।

राष्ट्र बैंकले केही वर्षयता दसैंमा नयाँ नोटको सट्टा सुकिला नोट वितरण गर्दै आएको छ । बैंक तथा वित्तीय संस्थाहरूले पनि सुकिला नोट लिन बैंकमा भीड बढ्नुको सट्टा एटिएमबाटै साना दरका नोट निकाल्न सकिने व्यवस्था गर्न सुझाव दिएका थिए ।हाल अधिकांश एटिएमबाट ५ सय र १ हजार रूपैयाँ दरका नोट मात्रै निकाल्न मिल्ने व्यवस्था छ । १ सय रूपैयाँ दरका नोट पनि एटिएमबाट निकाल्न सकिने व्यवस्था भएपछि दसैं-तिहारमा साना दरका नोटको माग व्यवस्थापन गर्न सहज हुने अपेक्षा गरिएको छ ।

# सहज भयो यातायात

काँक्रेविहार संवाददाता

जुम्ला, १४ असोज

वर्षा रोकिएसँगै जुम्लाको जनजीवन सहज बन्न थालेको छ । असोज ९, १० र ११ गतेको वर्षा रोकिएसँगै सडक तथा हवाई यातायात सुचारु भएका छन् । लगातारको पानीले प्रभावित भएको हवाई यातायात तथा पहिरोका कारण कर्णाली राजमार्गमा रोकिएका यातायात सहज रूपमा चल्न थालेका छन् । कर्णाली राजमार्गको विभिन्न स्थानमा आएको पहिरोले झन्डै तीन दिनदेखि बन्द भएको सडक सुचारु भएको हो ।

सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख श्रवणकुमार महताराका अनुसार कर्णाली राजमार्ग कालीकोट-जुम्ला खण्डको राँचुलीमा ठुलो पहिरो आएको थियो । सो



क्षेत्रको पहिरो पन्छाएपछि सुर्खेत, नेपालगन्जका लागि सवारीसाधन सञ्चालनमा आएका छन् । सडक डिभिजन कार्यालयका अनुसार लगातारको कामपछि सोमबार दुई तर्फी पूर्ण रूपमा बाटो खुलेको थियो तर राति पुनः पहिरो आएको र बिहान पन्छाएपछि मङ्गलबार बिहानदेखि लामो दुरीका यातायातका सार्वजनिक यातायात सुचारु भएका छन् । बाटो नखुल्दा बिचैमा रोकिएका यात्रु सहज रूपमा गन्तव्यमा पुगेको सडक डिभिजन कार्यालयले जनाएको छ ।

प्रमुख महताराका अनुसार नाम्म-गमगढी राजमार्गसमेत खुलाइएकोछ । यद्यपि सडकका दर्जनौं स्थानमा खसेको साना ढुङ्गा पूर्ण रूपमा पन्छाउन बाँकी छ । यस्तै भारी वर्षाका कारण बन्द भएको हवाई यातायात पनि नियमित सुचारु भएको छ । भारी वर्षाका कारण दुई दिनसम्म जहाज आउन नसकेको जुम्लामा अहिले नियमित उडान भएको छ । नागरिक उड्डयन प्राधिकरण जुम्लाका प्रमुख सुरेन्द्र कुशवाहका अनुसार हवाई उडान नियमिति भएका छन् । उनले उडान तालिका अनुसार नेपाल एयरलाइन्स आइतबार, मङ्गलबार र बुधबार सञ्चालनमा रहेको छ ।

यसै गरी सीता एयर बुधबार र बिहीबार, तारा एयर शुक्रबार, शनिबार उडान हुने तालिका छ । उनका अनुसार समिट एयर सोमबार उडान भइरहेको छ र अब भने नयाँ तालिका बन्ने क्रममा छ ।

सडक डिभिजन कार्यालयका अनुसार यस पटकको लगातारको वर्षाले सहायक तथा ग्रामीण सडकसमेत प्रभावित पारेको छ ।

सम्पादकीय

# अटोको बेथिति रोक्न नियमित निगरानी आवश्यक

वीरेन्द्रनगरमा छोटो दूरीको सार्वजनिक यातायातका रूपमा अटोको प्रयोग बढ्दै गएको छ । घरको नजिकसम्म पुग्न सकिने र सहज रूपमा उपलब्ध हुने भएकाले अटो धेरैका लागि दैनिक यात्राको महत्वपूर्ण साधन बनेको छ । तर यात्रुको बढ्दो निर्भरतासँगै अटो सञ्चालनमा देखिएका बेथितिका गुनासा पनि बढिरहेका छन् । यही अवस्थालाई ध्यानमा राखेर ट्राफिक प्रहरीले थालेको विशेष निगरानी अभियानले सार्वजनिक यातायातको व्यवस्थापनमा नयाँ बहस सिर्जना गरेको छ । सादा पोसाकमा प्रहरीलाई यात्रु बनाएर अटोमा पठाउँदा पहिलो दिनमै १४ वटा अटो तोकिएकोभन्दा बढी भाडा मागेको पाइयो । यात्रु बनेर सेवा परीक्षण गर्ने यो शैलीले नियमित चेकजाँचबाट मात्र सार्वजनिक यातायातको वास्तविक अवस्था पत्ता लगाउन कठिन हुने देखाउँछ । प्रहरीको उपस्थितिमा नियम पालना गर्ने तर निगरानी नहुँदा मनपरी गर्ने प्रवृत्ति भए त्यसलाई नियमित अनुगमनबाट नियन्त्रण गर्न आवश्यक छ ।

अटो चालकले आफूखुसी भाडा तोक्ने, छोटो दूरीका यात्रुलाई गन्तव्यसम्म लैजान आनाकानी गर्ने, आफूलाई अनुकूल हुने यात्रु मात्र लिने, तीव्र गतिमा चलाउने र यात्रुसँग असहज व्यवहार गर्ने गुनासा सामान्य विषय होइनन् । सार्वजनिक यातायातको सेवा यात्रुको आवश्यकता र सुरक्षामा केन्द्रित हुनुपर्छ । एउटै दूरीका लागि फरक-फरक भाडा तिर्नुपर्ने अवस्था रहिरहने हो भने यात्रु अन्योलमा पर्नुका साथै आर्थिक रूपमा समेत मारमा पर्छन् । तर यसको अर्थ सबै अटो चालकलाई एउटै दृष्टिले हेर्नु पनि हुँदैन । अधिकांश चालकले आफ्नो रोजगारी र परिवारको जीविकाका लागि अटो सञ्चालन गरिरहेका हुन्छन् । त्यसैले नियमन कारबाहीमुखी मात्र नभई सुधार मुखी हुनुपर्छ । तोकिएको भाडा, रुट, यात्रु व्यवहार र ट्राफिक नियमबारे चालकलाई स्पष्ट जानकारी दिने तथा नियम उल्लंघन गर्नेलाई प्रमाणका आधारमा कारबाही गर्ने व्यवस्था आवश्यक छ ।

ट्राफिक प्रहरीले सुरक्षित सडक अभियानअन्तर्गत गति परीक्षण, मापसे जाँच, दुर्घटनास्थल पहिचान, ट्राफिक संकेत राख्ने र चालकको स्वास्थ्य परीक्षणजस्ता काम पनि गर्दै आएको जनाएको छ । कर्णालीमा दुर्घटना बढी हुने ६५ स्थान पहिचान गरिएको तथ्यले सडक सुरक्षाको चुनौती अझ गम्भीर रहेको देखाउँछ । अबको आवश्यकता एक साताको अभियानमा सीमित हुनु होइन । अटोको भाडादेखि गति र यात्रुसँगको व्यवहारसम्म नियमित अनुगमन गर्ने स्थायी संयन्त्र आवश्यक छ । नगरपालिकाले पनि ट्राफिक प्रहरीसँग समन्वय गरी भाडादरमा एकरूपता कायम गर्नुपर्छ । यात्रुले पनि बढी भाडा असुली वा अन्य दुर्व्यवहार भएमा सम्बन्धित निकायमा जानकारी गराउनुपर्छ । सार्वजनिक यातायात व्यवस्थित हुनु भनेको यात्रुको सुविधा मात्र होइन, सहरको सभ्य र सुरक्षित यातायात प्रणाली निर्माण हुनु पनि हो । त्यसैले अटोमाथिको निगरानीलाई अभियानमा मात्र सीमित नराखी नियमित व्यवस्थापन गर्न आवश्यक छ ।

# प्रदेशहरू प्रशासनिक रूपमा आत्मनिर्भर नभएसम्म संघीयताको वास्तविक कार्यान्वयन हुँदैन



✍ विमल वाग्ले

नेपालमा संघीय शासन प्रणाली लागु भएपछि प्रदेश सरकारहरूले नागरिकलाई छिटो, छरितो र प्रभावकारी सेवा प्रवाह गर्ने अपेक्षा गरिएको थियो । व्यवहारमा भने प्रदेश संरचनाहरू जनउत्तरदायी सेवा प्रवाहको माध्यम बन्नुभन्दा पनि राजनीतिक भागबन्डा मिलाउने थलो बन्दै गएका छन् । भद्दा प्रशासनिक संयन्त्र, अनुत्पादक र खर्चिलो संरचनाका कारण संघीयताको मर्ममाथि नै प्रहार भइरहेको छ ।

बागमती प्रदेशमा कुनै वस्तुगत आधार र कार्यबोझबिना नै मन्त्रालयको संख्या ७ बाट बढाएर १४ सम्म पुऱ्याइयो । प्रशासनिक संरचना र कर्मचारी व्यवस्थापनको अस्तव्यस्तता बागमतीमा स्पष्ट झल्किन्छ । यसले चालु खर्चलाई अस्वाभाविक रूपमा बढाएको छ भने पुँजीगत अर्थात् विकास बजेटलाई सङ्कुचित बनाउँदै आएको छ ।

प्रशासनिक पुनःसंरचनाको अध्ययन तथा सुझाव सङ्कलन भए पनि व्यावहारिक कार्यान्वयनमा समस्या रहँदै आएको छ । प्रशासनिक संरचना घटाउने, दोहोरो प्रकृतिका कार्यालय खारेज गरी एकीकृत सेवा प्रवाह लागु गर्ने र कर्मचारीलाई उत्प्रेरित बनाएर चुस्त प्रशासन सञ्चालन गर्ने वैज्ञानिक खाका तयार गर्नु अहिलेको आवश्यकता हो ।

प्रशासनमा देखिएका संरचनागत त्रुटि, केन्द्रको अनावश्यक हस्तक्षेप, राजनीतिक नेतृत्वमा हावी एम्पायर बिल्डिङको सङ्कीर्ण सोच तथा प्रदेशलाई प्रशासनिक रूपमा पूर्ण र स्वायत्त बनाउनु अपरिहार्य छ । प्रदेश प्रशासन दिशाहीनता र राजनीतिक स्वार्थको बन्धक बनिरहेको छ ।

**मन्त्रालय विस्तार र 'एम्पायर बिल्डिङ'**

कुनै पनि शासन प्रणालीमा मन्त्रालय वा विभागहरूको संख्या वस्तुगत आवश्यकता, कार्यबोझ र सार्वजनिक हितका आधारमा निर्धारण हुनुपर्छ । तर, बागमती प्रदेशमा सुरुवाती चरणमा रहेका ७ वटा मन्त्रालय रहेकोमा सत्ता गठबन्धनको अंकगणित मिलाउन र मन्त्री पद बाँड्नकै लागि बढाएर १४ वटासम्म पुऱ्याइएको छ ।

राजनीतिक नेतृत्वमा देखिएको 'एम्पायर बिल्डिङ' (आफ्नो प्रशासनिक साम्राज्य फैलाउने) प्रवृत्ति सार्वजनिक प्रशासनका लागि घातक सिद्ध भएको छ । मन्त्री हुनेबित्तिकै आफ्नो मन्त्रालय ठुलो देखाउन खोज्ने, अनावश्यक शाखा कार्यालय खडा गर्ने र आफ्नै गृहजिल्लामा साइनबोर्ड झुन्ड्याएर राज्यकोष दोहन गर्ने सङ्कीर्ण सोचले जरा गाडेको छ ।

प्रदेशको वास्तविक कार्यक्षेत्र र औचित्यका आधारमा कति वटा मन्त्रालय बनाउन उपयुक्त हुने भन्नेबारे वस्तुनिष्ट अध्ययन हुन सकेको छैन भने भएका अध्ययन कार्यान्वयन भएको देखिँदैन । मन्त्रालयको संख्या घटाउनु केवल राजनीतिक निर्णयमात्र होइन, यसको प्रत्यक्ष सम्बन्ध राज्यको वित्तीय अनुशासनसँग जोडिन्छ ।

एउटामात्र मन्त्रालय वा कार्यालय थपिँदा पनि प्रशासन र लेखाजस्ता अनिवार्य शाखाहरू स्वतः थपिन्छन् । यसले गर्दा पुँजीगत (विकास) खर्चतर्फ जानुपर्ने बजेट प्रशासनिक सञ्चालन, सवारीसाधन, घरभाडा र तलब-भत्ताजस्ता चालु खर्चमा वृद्धि हुन्छ । चालु खर्च बढ्नु भनेको अन्ततः नागरिकले पाउने विकास र समृद्धिको हिस्सा खोसिनु हो ।

**कार्यबोझको असन्तुलन र कर्मचारी उत्प्रेरणा**

प्रशासनमा कर्मचारीको संख्या धेरै हुँदैमा कार्यसम्पादन प्रभावकारी हुन्छ भन्ने भ्रम बागमती प्रदेशको अनुभवले तोडिदिएको छ । हिजो एउटा मन्त्रालयले सम्हालेको कामलाई २ वा ३ वटा मन्त्रालयमा बाँडेपछि कर्मचारीको कार्यबोझ स्वाभाविक रूपमा घट्यो । कार्यबोझ नहुँदा कर्मचारी अल्छी हुने, जिम्मेवारीबाट पन्छिने र सार्वजनिक सेवा सुस्त हुने समस्या देखियो ।

प्रशासनलाई भद्दा होइन, चुस्त बनाउनुपर्छ । मन्त्रालय र अनावश्यक कार्यालयहरूको संख्या घटाउँदा बचत हुने अर्बौं रुपैयाँ सबै विकासमै हाल्नुपर्छ भन्ने छैन । त्यसको केही हिस्सा कार्यक्षेत्रमा खटिने कर्मचारीहरूको उत्प्रेरणामा लगाउनुपर्छ । थोरै कर्मचारीलाई पर्याप्त कार्यबोझ दिने, उनीहरूलाई आवश्यक स्रोतसाधन र कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने हो भने उनीहरूमा काम गर्ने जाँगर पलाउँछ, तर भागबन्डाको राजनीतिले कर्मचारीलाई कामविहीन बनाउने र राज्यकोषमाथि बोझ थप्ने उल्टो बाटो समातेको छ ।

**एकीकृत सेवा प्रवाहको खाँचो**

सेवाग्राहीको दृष्टिकोणबाट हेर्दा पहुँच बढ्नु भनेको ठाउँ-ठाउँमा मन्त्रालय र कार्यालयका साइनबोर्ड झुन्ड्याउनु मात्र होइन । नागरिकले झन्झटरहित ढंगले, तोकिएको समयमै गुणस्तरीय सेवा पाउँछन् कि पाउँदैनन् भन्ने मुख्य कुरा हो ।

एउटै जिल्लामा दर्ता, नवीकरण, अनुमतिजस्ता अन्तरसम्बन्धित कामका लागि फरक-फरक कार्यालय धाउनुपर्ने र छुट्टाछुट्टै घरभाडा तिरेर कार्यालय चलाउने परिपाटी चरम अनुत्पादक छ ।

यसको विकल्पमा 'एकीकृत सेवा प्रवाह'को नीति अवलम्बन गरिनुपर्छ । नागरिकले एउटै छानामुनिबाट बहुआयामिक सेवा पाउने संयन्त्र निर्माण गर्दा राज्यको सञ्चालन खर्च घट्छ । सेवाग्राहीको समय र श्रम बचत हुन्छ र समग्र प्रणाली लागत-प्रभावी बन्छ ।

**संघ र प्रदेशबिचको द्वन्द्व र असहयोग**

बागमती प्रदेशको कर्मचारी प्रशासनको अर्को विद्रुप पक्ष संघ (सिंहदरबार) र प्रदेशबिचको चरम समन्वयहीनता हो । प्रदेशमा मन्त्रालय संख्या १४ बाट घटाएर ८ मा झारिसक्दा पनि संघले १४ जना नै सचिव पठाइरहने र एउटै मन्त्रालयमा ३ जनासम्म सचिव थुप्रिने अवस्था आउनु प्रशासनिक लज्जाको विषय हो ।

संघले प्रदेशलाई आफ्नै अङ्ग नठानेर नियन्त्रणमुखी व्यवहार प्रदर्शन गरिरहेको छ भने प्रदेशले पनि अनावश्यक सचिवलाई फिर्ता पठाउने वा समन्वय गर्ने दह्रो हिम्मत देखाउन सकेको छैन । संविधानले परिकल्पना गरेको 'सहकार्य, सहअस्तित्व र समन्वय' को मर्मविपरीत सिंहदरबारले कुन बेला सचिव पठाउँछ र कुन बेला सरुवा गर्छ, प्रदेश सरकार बेखबर रहनुपर्ने विडम्बना छ ।

यसबाहेक, प्राविधिक कर्मचारीहरूको व्यवस्थापनमा देखिएको बेथिति झनै गम्भीर छ । प्रदेशको आवश्यकता के हो र कुन उपसमूह (जस्तैः सडक, राजमार्ग, सिँचाइ आदि) को जनशक्ति चाहिएको हो भन्ने सामान्य विश्लेषणसमेत नगरी केन्द्रबाट कर्मचारी थोपर्ने काम भइरहेको छ । परिणामतः प्राविधिक कर्मचारीको योग्यता र प्रदेशको कार्य आवश्यकताबिच तालमेल मिल्न सकेको छैन ।

संघीयताको वास्तविक कार्यान्वयन तबमात्र सम्भव हुन्छ, जब प्रदेशहरू प्रशासनिक रूपमा आत्मनिर्भर हुन्छन् । प्रदेश स्वयंमा एउटा सिङ्गो सरकार भएकाले उसले आफ्ना कर्मचारीहरूको भर्ना, वृत्तिविकास र व्यवस्थापन आफैं गर्न पाउनुपर्छ । प्रदेश लोकसेवा आयोग र प्रदेश किताबखानालाई क्रियाशील बनाएर आफ्ना सचिवहरूसम्म प्रदेश आफैँले पदपूर्ति गर्ने प्रणाली विकास गरिनुपर्छ ।

दुई तहबिच नीतिगत समन्वयका लागि केवल प्रमुख सचिवमात्र केन्द्रबाट खटाउने व्यवस्था गर्नु उपयुक्त हुन्छ । बाँकी कर्मचारी संघबाट पठाउने, फिर्ता बोलाउने र सरुवाको खेलमा अल्झाउने हो भने प्रदेश कहिल्यै परिपक्व हुन सक्दैन ।

अन्ततः, प्रशासनिक पुनःसंरचनाको मूल मर्म भनेको नेतृत्वको सोचमा परिवर्तन आउनु हो । सार्वजनिक पदमा बस्ने मन्त्री, सचिव वा मुख्यमन्त्री जोसुकै हुन्, उनीहरूले नीति-निर्माण र निर्णय गर्दा 'आफूलाई माइनस' गरेर संस्था र जनतालाई केन्द्रमा राख्नुपर्छ । म मन्त्री भएँ, मेरो जिल्लामा शाखा खोल्नुपर्छ वा हाम्रो दललाई यतिवटा मन्त्रालय चाहिन्छ भन्ने लघुताभासबाट मुक्त नभएसम्म जतिसुकै आयोग बने पनि प्रशासन सुध्रिन सक्दैन ।

भागबन्डाको राजनीतिलाई त्यागेर चुस्त, प्रभावकारी र नागरिकमैत्री प्रशासन निर्माण गर्न ढिलाइ भइसकेको छ । राजनीतिक नेतृत्वले आत्मकेन्द्रित सोच त्यागेर प्रशासनिक पुनःसंरचनाको वैज्ञानिक खाकालाई तत्काल कार्यान्वयनमा लैजानु नै संघीयतालाई दिगो र जनमुखी बनाउने एकमात्र विकल्प हो ।

## कर्णालीका...

नेपालका बालबालिकाले सामना गर्न सक्ने सम्भावित सबै वञ्चितीकरणमध्ये करिब १० प्रतिशत वञ्चितीकरण अनुभव गरिरहेका छन् । कर्णालीमा भने २९.९ प्रतिशत अर्थात् सय जनामध्ये करिब ३० जना बालबालिका बहुआयामिक रुपमा वञ्चितीकरणमा छन् । यहाँ बहुआयामिक रूपमा वञ्चित बालबालिका औसतमा ४७.३ प्रतिशत आयाममा वञ्चित छन् । कर्णालीको बहुआयामिक वञ्चितीकरण सूचकांक ०.१४१ छ । राष्ट्रिय तथ्यांक कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार कर्णालीका बालबालिकाले सामना गर्न सक्ने सम्भावित सबै वञ्चितीकरणमध्ये करिब १४ प्रतिशत वञ्चितीकरण अनुभव गरिरहेका छन् ।

**सूचना तथा सञ्चारमा सुस्त सुधार**

स्वास्थ्य, पोषण र सरसफाइमा सुधार देखिए पनि सूचना तथा सञ्चारको पहुँचमा भने बाल वञ्चितीकरण घट्न सकेको छैन । स्वास्थ्य, पोषण र सरसफाइ तीनै आयाममा एकैसाथ वञ्चित हुने बालबालिकाको अनुपात सन् २०१४ मा १९.४ प्रतिशत रहेकोमा २०२४-२५ मा घटेर २.८ प्रतिशतमा आएको छ । तर आवास र सूचनाको पहुँच दुवैमा एकैसाथ वञ्चित हुने बालबालिकाको अनुपात भने २०२४-२५ मा ३५.२ प्रतिशत पुगेको छ । यो सन् २०१४ को ३४.० प्रतिशतभन्दा केही बढी हो भने २०१९ को २६.१ प्रतिशतभन्दा उल्लेख्य रुपमा बढी हो ।

रेडियो वा टेलिभिजन नभएका घरपरिवारमा बस्ने बालबालिकाको अनुपात पनि पछिल्लो दशकमा बढेको छ । सन् २०१४ मा यस्तो अनुपात ३६.१ प्रतिशत रहेकामा २०२४-२५ मा बढेर ५३.३ प्रतिशत पुगेको तथ्यांकले देखाउँछ । तथ्यांकले सूचना तथा सञ्चारका लागि रेडियो वा टेलिभिजनको पहुँचभन्दा मोबाइललगायत नयाँ डिजिटल प्रविधिको प्रयोग बढ्दै गएको देखाएको छ ।

**गरिब परिवारका बालबालिका बढी वञ्चित**

बालबालिकाको वञ्चितीकरण परिवारको आर्थिक अवस्था, आमाको शैक्षिक स्तर र उनीहरू बस्ने प्रदेशअनुसार फरक देखिएको छ । नेपालमा सबैभन्दा विपन्न २० प्रतिशत घरपरिवारमा रहेका बालबालिका अन्य आर्थिक समूहका बालबालिकाको तुलनामा बढी वञ्चित छन् । सबैभन्दा विपन्न घरपरिवारका ९८.८ प्रतिशत बालबालिका आवाससम्बन्धी वञ्चितीकरणमा परेका छन् । यसको तुलनामा सबैभन्दा सम्पन्न घरपरिवारका बालबालिकामा यस्तो अनुपात ११.७ प्रतिशत मात्र छ । यसले परिवारको आर्थिक अवस्थासँग बालबालिकाको आवासीय सुविधामा रहेको वञ्चितीकरणको ठूलो अन्तर देखाउँछ ।

आमाको शिक्षासँग पनि बाल वञ्चितीकरणको सम्बन्ध देखिएको छ । निरक्षर आमाका बालबालिकामध्ये २४.१ प्रतिशत स्वास्थ्यसम्बन्धी वञ्चितीकरणमा छन् । उच्च शिक्षा हासिल गरेका आमाका बालबालिकामा भने यस्तो अनुपात ५.६ प्रतिशत मात्र रहेको तथ्यांक छ । बालक र बालिकाबीच भने वञ्चितीकरणमा ठूलो अन्तर देखिएको छैन । सरसफाइसम्बन्धी वञ्चितीकरणमा बालकको अनुपात २२.७ प्रतिशत र बालिकाको २३.६ प्रतिशत छ । जन्म दर्ताको अवस्थाले पनि शिक्षामा पहुँचसँग सम्बन्ध देखाएको छ । जन्म दर्ता नभएका बालबालिकामध्ये २१.९ प्रतिशत शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित छन् । जन्म दर्ता भएका बालबालिकामा भने यस्तो अनुपात १०.८ प्रतिशत रहेको छ ।

आर्थिक रुपमा सक्रिय अर्थात् बालश्रममा संलग्न बालबालिकामा आवास र सूचना तथा सञ्चारसम्बन्धी वञ्चितीकरण अझ बढी देखिएको छ । आर्थिक रुपमा सक्रिय बालबालिकामध्ये ७०.२ प्रतिशत आवासीय सुविधाबाट र ५८.१ प्रतिशत सूचना तथा सञ्चारको पहुँचबाट वञ्चित रहेको तथ्यांकमा उल्लेख छ ।

# देउवा समूहले १५ औं महाधिवेशनबारे निर्वाचन आयोगलाई जानकारी गरायो

❑ **कांक्रेविहार संवाददाता**

काठमाडौं, १४ असोज

नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा समूहले पार्टीको १५ औं महाधिवेशनबारे निर्वाचन आयोगलाई जानकारी गराएको छ ।

सभापति गगन थापाले अघि बढाएको महाधिवेशनको प्रक्रियालाई अस्वीकार गर्दै समानान्तर महाधिवेशनको तयारी थालेको देउवा समूहले आयोगलाई जानकारी गराएको हो ।

आफूहरूले पार्टीको महाधिवेशनबारे कार्यतालिकासहित आयोगलाई जानकारी गराएको नेता एनपी साउदले बताए ।

उनले नेपाल प्रेससँग भने, 'हाम्रो महाधिवेशनको सम्पूर्ण तयारी पूरा भएर केन्द्रीय प्रतिनिधि, संयोजक र निर्वाचन अधिकृत जिल्ला जिल्लामा खटिसक्नुभएको छ । भोलिबाट देशभर वडा अधिवेशन सुरु हुँदै छ । यसबारे हामीले आयोगलाई जानकारी गराइसकेका छौं ।'

देउवा समूहको असोज १५ गते वडा अधिवेशन, २० गते गाउँ तथा नगरपालिका अधिवेशन, २३ गते प्रदेशसभा तथा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन, कात्तिक १५ गते जिल्ला अधिवेशन र मंसिर ४ गते प्रदेश अधिवेशन गर्ने तालिका छ । देउवा समूहको महाधिवेशन मंसिर २१ देखि हुँदै छ । संस्थापन पक्षले भने असोज १८ गते महाधिवेशनको उद्घाटन गर्दैछ ।

# विज्ञताको आधारमा प्रधानमन्त्रीले सांसदलाई गरे तीन तहमा वर्गीकरण



❒ कांक्रेविहार संवाददाता

काठमाडौं, १४ असोज

प्रधानमन्त्री वालेन्द्र(बालेन) शाहले सांसदहरूको अभिव्यक्ति, क्षमता र विज्ञताको आधारमा उनीहरूलाई तीन तहमा वर्गीकरण गरेका छन् ।

इन्जिनियरिङ पृष्ठभूमिका सांसदहरूसँगको बुधबारको छलफलका क्रममा प्रधानमन्त्री शाहले सांसदहरूलाई 'एभरेज', 'एभरेजभन्दा तल' र 'एक्स्ट्रा अर्डिनरी' गरी तीन समूहमा राखेर व्याख्या गरेको एक सांसदले बताए ।

ती सांसदका अनुसार प्रधानमन्त्री शाहले सामान्य तहका सांसदले कार्यक्रम तथा आयोजनाका विषयमा कुरा गर्ने, त्यसको तल्लो तहमा रहेकाले अरूलाई काम गर्न निर्देशन दिने र 'एक्स्ट्रा अर्डिनरी' सांसदले भने नयाँ विचार, सिर्जनशीलता र देश विकासका योजनाबारे सुझाव दिनुपर्ने बताएका थिए । 'इन्जिनियर भनेको एक्स्ट्रा अर्डिनरी हो । एभरेज मान्छेहरू इभेन्टको कुरा गर्छन् । त्योभन्दा तलकोले मलाई यो गर, त्यो गर भन्छन्,' प्रधानमन्त्री शाहको भनाइ उद्धृत गर्दै ती सांसदले भने, 'एक्स्ट्रा अर्डिनरी भएकाले तपाईंहरूले आइडिया र क्रियटिभिटीको कुरा उठाउनुपर्छ । यो गरे देश बन्छ भनेर भन्नुपर्छ । तपाईंहरूको आइडियाले देश बन्छ ।'

प्रधानमन्त्री शाहले इन्जिनियरिङ पृष्ठभूमिका सांसदहरूलाई औद्योगिकीकरणका लागि आवश्यक काम र योजनाबारे नयाँ विचार दिन आग्रह गरेका थिए ।

संसद्मा उठेका विषयमा सम्बन्धित मन्त्रालय, मन्त्री, प्रधानमन्त्री कार्यालय तथा मन्त्रिपरिषद् कार्यालयसँग समन्वय गर्न सकिने बताउँदै उनले नयाँ विचार भएका सांसदसँग सहजै भेट गर्न सकिने बताएका थिए ।

छलफलका क्रममा प्रधानमन्त्री शाहले केही विधेयक आउने तयारीमा रहेको जानकारी दिँदै त्यसमा सांसदहरूको सुझाव र सहयोग आवश्यक रहेको बताएका थिए । सांसदहरूले देखेको र भोगेको अनुभवका आधारमा कानुन निर्माणमा योगदान गर्न सक्ने उनको भनाइ थियो ।

# जडीबुटी कम्पनीका ज्यालादारी कर्मचारी आन्दोलित, १० दिनदेखि उत्पादन बन्द

❒ कांक्रेविहार संवाददाता

काठमाडौं, १४ असोज

सरकारी स्वामित्वको जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीका मासिक ज्यालादारी कर्मचारी २० दिनदेखि आन्दोलित बनेका छन् । सामाजिक सुरक्षा कोष लागू गर्नुपर्ने, चाडपर्व भत्ता दिनुपर्ने र श्रम अदालत भक्तपुरले गरेको फैसला कार्यान्वयनको माग गर्दै गत भदौ २४ गतेदेखि मासिक ज्यालादारीअन्तर्गत कार्यरत कर्मचारी आन्दोलित छन् ।

यसरी आन्दोलित हुनेमा अधिकांश उत्पादन शाखाका कर्मचारी रहेकाले असोज ५ गतेदेखि उत्पादन नै बन्द भएको छ । उनीहरूले भदौ २४ गतेदेखि कालोपट्टि बाँधेर काम गरेका थिए । तर, अन्य कर्मचारीसरह सुविधा दिन व्यवस्थापनले आनाकानी गरेपछि करिब ३० जना कर्मचारीले असोज ५ गतेदेखि नियमित धर्ना बसिरहेका छन् ।

२३ वर्षदेखि कम्पनीमा कार्यरत दोलखाकी सुस्मिता गौतमले सामाजिक सुरक्षाका सेवासुविधा नपाएको र पटकपटक ध्यानाकर्षण गराउँदा पनि बेवास्ता गरिएको सुनाइन् ।



'२३ वर्षदेखि काम गर्दा पनि सेवासुविधा पाएका छैनौं । नआएको दिनको पैसा काटिन्छ । हामीले राखेको माग सुनुवाई पनि भएको छैन । केही हुन्छ भनेर यसरी धर्ना बस्नुपरेको छ,' उनले भनिन् । आफूहरूको काममा फर्कने चाहना भएपनि मागमा बेवास्ता गरिएको उनको भनाइ छ । आफूहरूको माग पूरा नहुँदासम्म धर्नालाई निरन्तरता दिने उनले बताइन् । सेवासुविधाको माग गर्दै कम्पनीमा कार्यरत गौतमसहित २२ जनाले २०७८ चैत १७ र २०७९ असार ८ गते श्रम तथा रोजगार कार्यालय काठमाडौंमा निवेदन दर्ता गराएका थिए । कार्यालयले २०८० जेठ ४ मा श्रमिकको पक्षमा निर्णय गरेको थियो । त्यसपछि जडीबुटी कम्पनी २२ जना कर्मचारीविरुद्ध पुनरावेदन लिएर श्रम अदालत भक्तपुर पुगेको थियो । अदालतले पनि मासिक न्यूनतम पारिश्रमिक, सञ्चयकोष, उपदान, बिरामी बिदालगायत सेवासुविधा प्राप्त गर्नुपर्ने भन्दै २०८१ जेठमा कर्मचारीको पक्षमा फैसला सुनाएको थियो । तर, अदालतको आदेश कार्यान्वयन नगरेको, मागमा बेवास्ता गरेको भन्दै कर्मचारी चाडपर्वको मुखमा धर्ना बसेका हुन् । उनीहरू बिहान १० बजे हाजिर गर्ने र कार्यालय समयमा धर्ना बस्ने गरेका छन् । उनीहरूले यो विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, टेकुस्थित श्रम तथा रोजगार कार्यालयलाई पनि जानकारी गराएका छन् । उनीहरूले माग पूरा गर्न र पूरा नभएमा आन्दोलन थाल्ने भन्दै कम्पनीका महाप्रबन्धकलाई गत भदौ १८ मा पत्र लेखेका थिए ।

# सात पालिकामा फैलियो स्क्रब टाइफस, ४५८ जनामा संक्रमण पुष्टि

❒ कांक्रेविहार संवाददाता

सल्यान, १४ असोज

सल्यानका १० पालिकामध्ये सात पालिकामा कीटजन्य सरुवा रोग स्क्रब टाइफस फैलिएको छ । स्वास्थ्य सेवा कार्यालय सल्यानको पछिल्लो अद्यावधिक विवरणअनुसार जिल्लाभर सरकारी तथा निजी स्वास्थ्य संस्थामा दुई हजार ३२२ जनाको परीक्षण गर्दा ४५८ जनामा संक्रमण पुष्टि भएको छ । जिल्लाको संक्रमणदर १९.७२ प्रतिशत रहेको स्वास्थ्य सेवा कार्यालयले जनाएको छ ।

विभिन्न पालिका र जिल्ला अस्पतालसहितका सरकारी स्वास्थ्य संस्थामा परीक्षण गराएका एक हजार ९८४ जनामध्ये ३७० जना अर्थात् १८.६५ प्रतिशतमा संक्रमण पुष्टि भएको स्वास्थ्य सेवा कार्यालयका जनस्वास्थ्य अधिकृत तारा रिजालले जानकारी दिए । त्यस्तै, बागचौरस्थित निजी स्वास्थ्य संस्थामा परीक्षण गराएका ३३८ जनामध्ये ८८ जना अर्थात् २६.०४ प्रतिशतमा स्क्रब टाइफस पोजेटिभ देखिएको उनले बताए ।

यस संक्रमणका कारण दार्मा गाउँपालिकामा मात्रै हालसम्म आठ जनाको मृत्यु



भएको छ ।

संक्रमितमध्ये महिलाको संख्या उच्च रहेको देखिएको छ । कुल ४५८ संक्रमितमध्ये ३६० जना अर्थात् ७८.६० प्रतिशत महिला र ९८ जना अर्थात् २१.४० प्रतिशत पुरुष छन् । खेतबारीमा काम गर्ने, घाँस-दाउरा गर्ने तथा पशुपालनमा महिलाको प्रत्यक्ष संलग्नता बढी हुने भएकाले माइट (सूक्ष्म किरा) को टोकाइबाट उनीहरूमा संक्रमणको जोखिम बढी देखिएको स्वास्थ्यकर्मीले बताएका छन् ।

दार्मा गाउँपालिका संक्रमणको केन्द्रका रूपमा देखिएको छ । दार्मामा सरकारी स्वास्थ्य संस्थामार्फत ५३२ जनाको परीक्षण गर्दा ११६ जनामा संक्रमण पुष्टि भएको छ । जिल्लाभर मृत्यु भएका आठै जना दार्माका रहेका छन् । मृत्यु हुनेमा एक महिला र सात पुरुष रहेको जनस्वास्थ्य अधिकृत रिजालले जानकारी दिए ।

अन्य पालिकामा पनि संक्रमणको अवस्था उल्लेख्य देखिएको छ । कपुरकोट गाउँपालिकामा परीक्षण गरिएका १५६ जनामध्ये ५२ जना, कुमाख गाउँपालिकामा १८१ जनामध्ये ५४ जना र बागचौर नगरपालिकामा ६२ ९ जनामध्ये १६८ जनामा संक्रमण पुष्टि भएको छ ।

यस्तै, छत्रेश्वरी गाउँपालिकामा परीक्षण गरिएका २७ जनामध्ये छ जना, कालीमाटी गाउँपालिकामा २१ जनामध्ये दुई जना र बनगाड कुपिण्डे नगरपालिकामा परीक्षण गरिएका सात जनामा संक्रमण देखिएको छ । जिल्ला अस्पतालमा परीक्षण गरिएका ७६९ जनामध्ये ४४ जनाको रिपोर्ट पोजेटिभ आएको छ ।

संक्रमणको जानकारी पाएलगत्तै स्वास्थ्य सेवा कार्यालय सल्यानले सम्बन्धित स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकारसँग आवश्यक समन्वय गरी प्रभावित क्षेत्रमा द्रुत प्रतिकार्य समूह परिचालन गरेको जनाएको छ ।

# काम नगर्ने निर्माण व्यवसायीको ठेक्का तोड्ने तयारी

❒ कांक्रेविहार संवाददाता

रुकुमपश्चिम, १४ असोज

कर्णाली प्रदेश सरकारकी भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्री मिलन खड्का रोकाले काम नगर्ने निर्माण व्यवसायीहरूको ठेक्का आफ्नै गृह जिल्लाबाट तोड्ने प्रक्रिया सुरु गर्ने बताएकी छिन् । बाँफीकोट गाउँपालिका वडा नम्बर ३ र ४ लाई जोड्ने बालुवाचौरमा नवनिर्मित तिल्ताखोला सडक पुल आयोजनाको उद्घाटन गर्दै उनले यस्तो बताएकी हुन् । आफ्नै गृह जिल्ला पहिले पटक औपचारिक कार्यक्रममा सहभागी भई एक विशेष समारोहका बीच मन्त्री खड्का रोकाले रिबन काटेर उक्त पुलको उद्घाटन गरेकी खड्काले पुल निर्माणको जिम्मेवारी पाएको ज्वालामुखी/हिमशिखर हिरा जेभी, काठमाडौं १०, नयाँबानेश्वरले सम्झौता अवधिभित्रै गुणस्तरीय रूपमा काम सम्पन्न गरेको भन्दै निर्माण व्यवसायीलाई धन्यवाद समेत दिएकी छन् ।

उद्घाटन समारोहमा कर्णाली प्रदेश सरकारकी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री कल्याणी खड्का र पूर्व अर्थमन्त्री माननीय महेन्द्र केसीको समेत विशेष उपस्थिति रहेको थियो । कार्यक्रममा मन्तव्य राख्दै पर्यटन मन्त्री कल्याणी खड्काले नवनिर्मित पुलले स्थानीय यातायात र आर्थिक गतिविधिमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरिन् । उनले विकास निर्माणका ठूला र गौरवका आयोजनाहरूलाई समयमै सम्पन्न गराउन प्रदेश सरकारले पूर्ण सहयोग र आवश्यक समन्वय गर्ने प्रतिबद्धता समेत जनाइन् । यस्तै कार्यक्रममा भौतिक मन्त्रालयका सचिव अर्जुनकुमार बम, पूर्व मन्त्री केसी तथा भौतिक पूर्वाधार कार्यालय रुकुम पश्चिमका कार्यालय प्रमुख रामचन्द्र बिसी लगायत स्थानीय जनप्रतिनिधि, राजनीतिक दलका अगुवा र सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो ।

उद्घाटन मन्तव्यका क्रममा भौतिक पूर्वाधार मन्त्री मिलन खड्का रोकाले समयमै काम सम्पन्न गर्ने निर्माण व्यवसायीको प्रशंसा गर्दै विकास निर्माणका कार्यमा ढिलासुस्ती गर्ने ठेकेदार कम्पनीहरूलाई दण्डित गर्ने निति अपनाउनु अपरिहार्य रहेको उल्लेख गरिन् ।

## पोषणमा...

बालबालिकाको अनुपात ७२.५ प्रतिशत अर्थात् सय जनामा करिब ७३ जनाबाट घटेर ४३.७ प्रतिशत अर्थात् सय जनामा करिब ४४ जनामा आएको छ । यस्तै, विद्युत् सेवाको पहुँच नपाएका बालबालिकाको अनुपात १८.६ प्रतिशत अर्थात् सय जनामा करिब १९ जनाबाट घटेर ३.८ प्रतिशत अर्थात् सय जनामा करिब चार जनामा झरेको छ ।

स्वास्थ्य क्षेत्रमा पनि सुधार देखिएको छ । झाडापखाला हुँदा उपचार नपाउने बालबालिकाको अनुपात सन् २०१४ को ५२.८ प्रतिशत अर्थात् सय जनामा करिब ५३ जनाबाट घटेर २०२४-२५ मा ७.९ प्रतिशत अर्थात् सय जनामा करिब आठ जनामा आएको छ । दक्ष स्वास्थ्यकर्मीको सहयोगबिना जन्मिएका बालबालिकाको अनुपात पनि ४३.६ प्रतिशत अर्थात् सय जनामा करिब ४४ जनाबाट घटेर ८.८ प्रतिशत अर्थात् सय जनामा करिब नौ जनामा आएको छ । सबै आवश्यक खोप नपाएका बालबालिकाको अनुपात सन् २०१९ मा २९.८ प्रतिशत अर्थात् सय जनामा करिब ३० जना रहेकोमा २०२४-२५ मा घटेर १०.५ प्रतिशत अर्थात् सय जनामा करिब ११ जनामा आएको छ ।


## जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्नु भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

बिहीवार, १५ असोज, २०८३
Thursday, 1 Oct 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# सडक विस्तारले लोप हुन थाले चौतारी

काँक्रेविहार संवाददाता
दैलेख, १४ असोज

कुनै समय दैलेखका ग्रामीण बस्तीबाट नेपालगन्ज हाट जानु सामान्य यात्रा थिएन । जिल्लाका ग्रामीण बस्तीमा न सडक थियो, न त सवारीसाधन । दैलेख जिल्लाका विभिन्न ठाउँबाट पैदल हिँडेरै नेपालगन्जसम्म पुग्नु पर्थ्यो ।



गाउँले मिलेर पैदल हिँडेर बाटोमा बास बस्दै आफैँ खाना पकाएर खानुपर्ने भएकाले यात्रा निकै लामो र कठिन हुन्थ्यो । त्यही यात्राका क्रममा बाटो हिँड्दा थकान मेटाउने ठाउँ हुन्थे चौतारी । पहिले अहिले जस्तो यातायातका साधन नहुँदा लामो बाटो हिँड्नुपर्ने बटुवाको थकान मेटाउने, कुराकानी गर्ने ठाउँ पनि चौतारी हुन्थे ।

पछिल्लो समयमा विकासका नाममा बाटो खन्ने होडबाजी सुरु भएपछि थकाइ मेटाउने चौतारी नाश हुँदै गएका छन् । जिल्लाको नारायण नगरपालिका-११ का ७१ वर्षीय विष्णुप्रसाद अधिकारीका सम्झनामा विगतका त्यही दिन अहिले पनि ती दिन ताजै छन् । दैलेख जिल्लाबाट नेपालगन्ज हाट जान र फर्किन करिब २४ दिनसम्म लाग्थ्यो । उनले यात्रामा आवश्यक चामल, दाल, पिठोलगायत खाद्यान्न बोकेर हिँड्नुपर्ने बाध्यता भएको बताए । उनले बाटोमा दाउरा खोजेर खाना पकाउने र चौतारीमा बसेर थकाइ मेटाउँदै नेपालगन्ज पुग्ने गरेको बताए ।

उनले भने, "हामी गाउँभरिका करिब ६० जना दाजुभाइ मिलेर हाट जान्थ्यौँ । बाटोमा दाउरा खोजेर खाना पकाउँथ्यौँ । चौतारी भेटिएपछि केहीबेर बसेर थकाइ मेटाउँथ्यौँ ।"

त्यसबेला दैलेखबाट नेपालगन्ज जाने पैदल बाटोमा थकाइ मेटाउने र विश्राम गर्ने थुप्रै चौतारी थिए तर पुर्खाले बनाएको चौतारी पछिल्लो समयमा मासिँदै जान थालेको उनले गुनासो गरे । उनले काँडागाउँ, जुफिया हुँदै चुप्राबजार, भगारा, सातसल्लीलगायत ठाउँमा चौतारीमा विश्राम गर्ने गरेको बताए । सुर्खेतको लादे हुँदै नेपालगन्जको हात्तीसारसम्म पुग्दा पनि बाटोमा त्यतिबेला चौतारी भेटिने गरेको उनले बताए ।

चौतारी केवल थकाइ मेटाउने स्थान मात्र थिएनन् । ती बटुवाका लागि भेटघाट, भलाकुसारी र सूचना आदानप्रदान गर्ने ठाउँ पनि थिए । लामो यात्रामा हिँडेका मानिस केही समय चौतारीमा बसेर आराम गर्थे । गाउँघरका सुखदुःखका कुरा साट्थे तर पछिल्लो समय गाउँ गाउँमा सडक पुगेपछि पैदलयात्रा घटेको छ । सवारीसाधनको पहुँच बढेसँगै पुराना पैदल बाटो सुनसान हुँदै गएका छन् । त्यससँगै यात्रुको थकाइ मेटाउने चौतारी पनि बिस्तारै हराउँदै गएका छन् ।

दुल्लू नगरपालिका-१३, मालिकाका स्थानीय भद्रबहादुर शाहीले पनि चौतारीसँग जोडिएका पुराना सम्झना सुनाउछन् । उनका अनुसार पहिले हाट जान गाउँका मानिस समूह बनाएर हिँड्ने गर्थे । उनले लामो यात्राका क्रममा बाटोमा भेटिने चौतारी उनीहरूका लागि विश्राम गर्ने मुख्य ठाउँ हुने गरेको बताए । उनीले सरकारले पुराना चौतारी संरक्षण गर्नुपर्ने बताउछन् । जिल्लामा सडक विस्तारसँगै चौतारीको प्रयोग घटेपछि कतिपय चौतारी जीर्ण बनेका छन् भने कतिपयको अस्तित्व नै हराइसकेको छ । पुराना पैदल बाटोसँगै जोडिएका यी चौतारी मासिँदै जान थालेका छन् ।

लोप हुन लागेकाले त्यस्ता चौतारी संरक्षण गर्न स्थानीय सरकारले पहल गर्ने नारायण नगरपालिकाका नगरप्रमुख लोमन शर्माले बताए । उनले पुर्खाले बाटो हिँड्दा थकान मेटाउने, गाउँबेँसी गर्दा भारी बिसाउने चौतारी संरक्षणका लागि अभियान सुरु गरिने जनाए । उनले वडामार्फत त्यस्ता चौतारी संरक्षण पहल गरेको जिकिर गरे ।

# कारागार र प्रहरी हिरासत कक्षको अनुगमन



पार्वती लम्साल
सुर्खेत, १४ असोज

राष्ट्रिय मानव अधिकार आयोग र अनौपचारिक क्षेत्र सेवा केन्द्र ९इन्सेक० को संयुक्त टोलीले असोज १३ गते दैलेख कारागार र जिल्ला प्रहरीको हिरासत कक्षको अनुगमन गरेको छ । कारागारका कैदीबन्दी र हिरासतमा राखिएका थुनुवाहरुको न्यायिक सेवा, स्वास्थ्य उपचार र आवासीय व्यवस्था विषयमा चासो राखिएको थियो । टोलीले दैलेख कारागारका प्रशासक रमेश पौडेल, जिल्ला प्रहरी कार्यालय दैलेखका इञ्चार्ज डिएसपी श्रवणकुमार बि।क। र दैलेखका प्रमुख जिल्ला अधिकारी आनन्द सारुसँग दैलेख कारागार र प्रहरीको हिरासतमा आधार भूत सुविधाको विषयमा छलफल गरेको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगका कर्णाली प्रदेश कार्यालय प्रमुख रमेशकुमार थापा र इन्सेक कर्णाली प्रदेश संयोजक नारायण सुबेदी, आयोगका मानव अधिकार अधिकृत नरेन्द्र खत्री, इन्सेकका प्रलेख अधिकृत जगतदल जनाला वि.क.को टोलीले दैलेख कारागारमा बन्दीहरुको न्यायिक पहुँच, आवास व्यवस्थापन सुधार गर्नुपर्ने र प्रहरी हिरासतमा स्वच्छतामा ध्यान दिन सुझाव दिएको थियो ।

त्यसक्रममा दैलेख प्रमुख जिल्ला अधिकारीले समाजमा अपराध रोकथाममा सामाजिक सचेतना बढाउन आवश्यकता औंल्याए । उनले समाजमा सचेतना बढाउन स्थानीय सरकार र नागरिक समाज संस्थाहरुको सहकार्य आवश्यक रहेको बताए । अनुगमन टोलीसँग दैलेखका प्रहरी इञ्चार्ज डिएसपी श्रवणकुमार बि.क.ले प्रहरीमा आउने गरेका मुद्दाहरुमा बलात्कार, लैंगिक हिंसा रहेको जानकारी दिए । उनले पछिल्लो समय युवाहरुमा बढ्दो लागू औषध सेवनले अपराध रोकथाममा चुनौती थपिएको चर्चा गरे।

दैलेख कारागारका प्रशासक रमेश पौडेलले कैदीबन्दीहरुलाई हरेक दिन बिहान योग अभ्यास, धार्मिक भजनकिर्तन, दिउँसो खेलकूद क्रियाकलाप सञ्चालन गर्ने गरिएकाले कारागारलाई सुधार गृहको रुपमा विकास हुँदै आएको बताए । उनले कैदीबन्दीहरुले सीप इलम प्रयोग गरी उत्पादन गरेका घरेलु वस्तुहरुको बजार पाउन नसकेको समस्या सुनाए।

अगुगमन टोलीँग आधा कैद भुक्तान गरी सकेपछि बाँकी कैद माफी मिनाहका लागि राष्ट्रपति समक्ष सिफारिस गरी पठाउने प्रक्रिया ३ वर्षदेखि रोकिएको प्रसंग, महिला कैदीबन्दीहरुको आवासमा भित्तामा ओसोपन बढेको, महिलाका लागि पुस्तकालय आवश्यक रहेको समस्या दर्शाएका थिए ।

दैलेख कारागारमा हालसम्म १ सय ४० पुरुष र १७ महिला गरी १ सय ५७ जना कैदीबन्दी रहेका र दैलेख प्रहरीको हिरासतमा हाल १ महिला र १३ जना पुरुष थुनामा रहेको बताइएको छ । पुरुष कैदीबन्दी तर्फ ६० वर्ष माथिका ९ जना र महिला तर्फ १ जना जरी १० जना ज्येष्ठ नागरिक कारागार थुनामा रहेको विवरण कारागार प्रशासनले दिएको छ । त्यस्तै इन्सेकले जिल्लाका सरोकारवाल निकाय र स्थानीय तहका जनप्रतिनिधिहरुलाई नेपाल सरकारको मानव अधिकार सम्बन्धी छैठौं राष्ट्रिय कार्ययोजना वितरण र सो सम्बन्धमा छलफल गरेको थियो ।

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

*(प्रथम पटक सुचना प्रकाशित मिति २०८३/०६/१५ गते)*

काँक्रेविहार राष्ट्रिय दैनिकका लागि कम्प्युटरबाट समाचार अपडेट गर्न सक्ने तथा नेपाली र अङ्ग्रेजी दुवै भाषा राम्रोसँग टाइप गर्न सक्ने १ जना महिला कर्मचारी आवश्यक परेको हुँदा इच्छुक तथा योग्य व्यक्तिहरूबाट आवेदन आह्वान गरिन्छ ।

इच्छुक व्यक्तिले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो बायोडाटासहित काँक्रेविहार राष्ट्रिय दैनिकको प्रधान कार्यालय, वीरेन्द्रनगर-६, भगवतीमार्ग, सुर्खेतमा सम्पर्क गर्नुहोला ।

**पारिश्रमिक** :- संस्थाको नियमानुसार हुनेछ ।

*थप जानकारीका लागि*

**काँक्रेविहार राष्ट्रिय दैनिक**
प्रधान कार्यालय, वीरेन्द्रनगर-६, भगवतीमार्ग, सुर्खेत
०८३-५९०१११, ९८५१३४४७५४

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति** : २०८३/०६/१५

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री निर्मला थापा** धनी रहेको, **दर्ता नम्बर** ८१९२/०७८/०७९ बाट **वीरेन्द्रनगर-१, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री निर्मला कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

**कर्णाली प्रदेश सरकार**
**भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशु अस्पताल तथा पशु सेवा कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत

## किसान सूचिकरण प्रणालीमा दर्ता भइदिने सम्बन्धी सूचना

*प्रकाशित मितिः २०८३/०६/१५*

नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालयको मिति २०८३/०६/०६ गतेको निर्णय अनुसार कृषि कार्यक्रम सञ्चालन गर्दा कृषकको किसान सूचिकरण प्रणालीमा दर्ता भएको दर्ता नम्वर अनिवार्य भएकोले यस कार्यालयबाट आगामी दिनहरूमा सञ्चालन हुने वार्षिक स्विकृत तथा सशर्त कार्यक्रमहरूमा सहभागी हुनको लागी आ-आफ्नो स्थानीय तहमा गई किसान सूचिकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ बमोजिम अनिवार्य सूचिकृत भइदिनुहुनका लागि सम्पूर्ण सरोकारवालामा यो सूचना जारी गरिएको छ ।

**वीरेन्द्रनगर डेन्टल केयर होम**
वीरेन्द्रनगर ६, हटियाचोक सुर्खेत
मा उपलब्ध अत्याधुनिक दन्त उपचार सेवाहरू:→

**विश्वस्तरीय प्रविधि र अनुभवी दन्त चिकित्सकद्वारा सेवा**

१. **पूर्ण दन्त परीक्षण:** मुख र दाँतको विस्तृत जाँच ।
२. **दाँत सफाई:** अत्याधुनिक प्रविधिद्वारा दाँत र गिजाको सफाई ।
३. **दाँत भर्ने र जरादेखि उपचार (RCT):** किराले खाएको दाँतको सुरक्षित उपचार ।
४. **दाँत रोप्ने (Dental Implant):** हराएको दाँतको स्थायी र प्राकृतिक समाधान ।
५. **दाँत बाँध्ने (Braces):** टेढोमेढो दाँतलाई सिधा र आकर्षक बनाउने ।
६. **नक्कली दाँत राख्ने (Crown/Bridge/Denture):** हराएको दाँतको सट्टा नक्कली दाँत राख्ने ।
७. **दाँत निकाल्ने:** सामान्य र जटिल प्रकारका दाँत निकाल्ने सेवा ।
८. **लेजर र कस्मेटिक उपचार:** आधुनिक प्रविधिबाट दाँत र मुस्कानलाई सुन्दर बनाउने ।
९. **बाल दन्त चिकित्सा:** बालबालिकाहरूको दन्त स्वास्थ्यको विशेष हेरचाह ।

तपाईंको दन्त स्वास्थ्यसँग सम्बन्धित जुनसुकै समस्याको लागि हामीलाई सम्पर्क गर्नुहोस्।

आधुनिक प्रविधि | सुरक्षित उपचार | उत्कृष्ट सेवा

**सम्पर्क :** स्थान: वीरेन्द्रनगर ६, हटिया चोक, सुर्खेत फोन नम्बरहरू: ९८५८०५११६४, ९८५८०६१७६९, ९७१२०५५५६५




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)